# बूढानीलकण्ठ स्कुल, काठमाडौंको
# बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

# छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरूमध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ ।

**१. छनोटका आधार :** वि.सं. २०६९/०१/०१ गतेदेखि २०७०/१२/३० गतेसम्म जन्म भई कम्तीमा कक्षा ३ र कक्षा ४ मा सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०७९ मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यताक्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिनेछ ।

**२. फाराम बुझाउने मिति र समय : २०७९ चैत्र २७ गते सोमबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा**
**२०७९ चैत्र २८ गते मंगलबार बिहान ८:०० बजे देखि १०:०० बजेसम्म**

**दरखास्त फाराम** bnks.edu.np वा cehrd.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनु पर्नेछ ।

रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको फाराम र आवश्यक कागजात स्क्यानिङ गरि इमेल ठेगाना scholarship080@bnks.edu.np मा परीक्षा अगावै पठाउन सकिनेछ । तर सक्कल कागजातहरु परीक्षा केन्द्रमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**३. लिखित परीक्षा मिति र समय : २०७९ चैत्र २८ गते मंगलबार, बिहान ११:०० बजे ।**

**४. पाठ्यक्रम :** कक्षा ३ र ४ मा पढाइ हुने विषयहरू : नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान (४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत) ।

**५. बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या : ४२ (५०% छात्रा रहने)**

(क) खुला र आरक्षणतर्फ एक जिल्लाबाट एकजना भन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिनेछ ।

(ख) आरक्षण सिट : २० जना (लोपोन्मुख -२, दलित -४, मुस्लिम -१, मधेसी- ४, आदिवासी/जनजाति - ५, पिछडिएको क्षेत्र-२ र द्वन्द्वपीडित - २),

(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिका भित्रका - २ जना (एक छात्र र एक छात्रा) ।

**६.** साझेदारी कार्यक्रम अन्तगर्तका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ । यसमा आरक्षण (दलित -५, मुस्लिम - २, मधेसी - ६, जनजाति - ९ र छात्रा कम्तीमा २६ जना)

**७. साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू :**

१. शीतलादेवी मा.वि., धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौं
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता मा.वि., पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

**८. आवेदन दस्तुर :** रु. १००/- (एक सय मात्र) ।

९. परीक्षा केन्द्रहरू :

| क.सं | परीक्षा केन्द्र, ठेगाना | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|---|
| १. | इलाम इजुकेसन फाउन्डेसन, इलाम | इलाम, झापा, पाँचथर र ताप्लेजुङ |
| २. | हिले मा. वि., हिले धनकुटा | धनकुटा, भोजपुर, तेह्रथुम र संखुवासभा |
| ३. | जनता मा.वि., इटहरी | सुनसरी, मोरङ झापा, खोटाङ, सोलुखुम्बु र भोजपुर |
| ४. | सगरमाथा जनता मा.वि., ओखलढुङ्गा | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ र उदयपुर |
| ५. | पशुपति आदर्श मा.वि., लहान, सिरहा | सिराहा, उदयपुर, खोटाङ र सप्तरी |
| ६. | याज्ञवल्क्य संस्कृत मा.वि., ज्ञानकूप, जनकपुर, धनुषा | धनुषा, सर्लाही, महोत्तरी र उदयपुर |
| ७. | जनज्योति मा.वि. चन्द्रनिगाहपुर, रौतहट | रौतहट, पर्सा, बारा र सर्लाही |
| ८. | जनज्योति मा.वि., गोलन्जोर, खुर्कोट, सिन्धुली | सिन्धुली, रामेछाप र दोलखा |
| ९. | आधुनिक राष्ट्रिय मा.वि., हेटौँडा, मकवानपुर | मकवानपुर, पर्सा, बारा, धादिङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र चितवन |
| १०. | सञ्जीवनी मा.वि., धुलिखेल, काभ्रेपलान्चोक | काभ्रेपलान्चोक, दोलखा, रामेछाप, भक्तपुर र सिन्धुपाल्चोक |
| ११. | बूढानीलकण्ठ स्कुल, काठमाडौँ | काठमाडौँ, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, नुवाकोट, रसुवा र धादिङ |
| १२. | पवित्रा मा.वि., नाहाला, डुम्रे, तनहुँ | तनहुँ, गोरखा, मनाङ र लमजुङ |
| १३. | संस्कृत उच्च मा.वि., पोखरा, कास्की | कास्की, स्याङ्जा, लमजुङ र मुस्ताङ |
| १४. | रुद्रेपिपल मा.वि., बागलुङ | बागलुङ, मुस्ताङ, पर्वत र म्याग्दी |
| १५. | कालिका मानवज्ञान मा.वि., बुटवल, रुपन्देही | रुपन्देही, पाल्पा, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी र अर्घाखाँची |
| १६. | राष्ट्रिय मा.वि. भालुवाङ, देउखुरी, दाङ | दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम पूर्व र अर्घाखाँची |
| १७. | सरस्वती मा.वि., नेपालगन्ज, बाँके | बाँके, बर्दिया, डोल्पा, मुगु र हुम्ला |
| १८. | शीतल मा.वि., चौरजहारी | रुकुम पश्चिम, रुकुम पूर्व, जाजरकोट, सल्यान र डोल्पा |
| १९. | नेपाल राष्ट्रिय मा.वि., वीरेन्द्रनगर ६, सुर्खेत | सुर्खेत, हुम्ला, कालीकोट, मुगु, डोल्पा, दैलेख र जाजरकोट |
| २०. | जनता मा.वि., महतगाउँ, जुम्ला | जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोट |
| २१. | जनकल्याण मा.वि., साँफेबगर, अछाम | अछाम, बाजुरा, डोटी, बझाङ र मुगु |
| २२. | दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया, कैलाली | कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा र बझाङ |
| २३. | श्रीकृष्ण मा.वि., पाटन, वैतडी | डडेलधुरा, बैतडी, डोटी, दार्चुला र बझाङ |

**१०. रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको आवेदन फारामको साथमा संलग्न गर्नुपर्ने कागजातहरू :**

(१) सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले विपन्नताको आधार खुलाई छात्रवृत्तिका लागि सिफारिस गरेको सिफारिस पत्र ।

(२) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(३) सामुदायिक विद्यालयबाट कक्षा ३ उत्तीर्ण गरेको प्रमाणपत्र र कक्षा ४ को अन्तिम प्रमाणपत्र जारी नभएको भए सो व्यहोरा खुल्ने विद्यालयको पत्र ।

(४) विद्यार्थीका बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । यदि बाबुआमाबाहेक अन्य व्यक्ति संरक्षक भए आधिकारिक निकायबाट विद्यार्थीसँगको नाता खुलाइएको प्रमाणपत्र र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(५) आरक्षित गरिएको सिटमा आवेदन दिन चाहने व्यक्तिले आफ्नो थर नेपाल सरकारले सार्वजनिक गरेको सूचीमा पर्ने भएमा सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित आधिकारिक निकायबाट जारी गरिएको सिफारिस पत्र ।

(६) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले निज व्यक्ति हालसम्म सोही स्थानमा स्थायी बसोबास रहेको र निजको छोरा वा छोरीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको हो भनी खुलाइदिएको सिफारिस पत्र ।

(७) द्वन्द्वपीडितका हकमा बाबु वा आमा द्वन्द्वपीडित भएको प्रमाण खुल्ने गरी जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको प्रमाणपत्र ।

(८) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो ।

**पुनश्च :**

(१) सम्बन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा नै छात्रवृत्तिमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलमा छात्रवृत्ति प्रदान गरिनेछैन ।

(२) छात्रवृत्ति छनोट समितिले परीक्षामा सामेल विद्यार्थीका अभिभावकको आयका सीमा तोकी सो सीमाको अधीनमा रही फाराम स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(३) माथि सि.नं. ९ बमोजिम जिल्लाहरूका सवालमा तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रबाट परीक्षा दिन पाइनेछैन ।

(४) रीतपूर्वक नभरिएको, सबै विवरण खुलाई प्रमाणित नगरिएको तथा संलग्न गर्न भनिएका आवश्यक कागजात संलग्न नगरेका आवेदन फाराम स्वतः रद्द हुनेछन् ।

(५) सम्पर्क नं. : ०१४३७०२४८ /०१४३७१६३७

# (मिति २०७९ फागुन १६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित)